**विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु**

(प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः **बैकिङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, 20८०**

प्रस्तुतकर्ताः मा. डा. प्रकाश शरण महत

**संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ताक्रम अनुसार):**

| द.नं. | माननीय सदस्यको नाम, थर |
|---|---|
| 1. | मा. श्री ज्ञान बहादुर शाही |
| 2. | मा. श्री ध्रुव बहादुर प्रधान |
| 3. | मा. श्री सुशीला थिङ, मा. श्री रमा कोइराला पौड्याल |
| 4. | मा. डा. तोसिमा कार्की |
| 5. | मा. श्री रोशन कार्की |
| 6. | मा. श्री बिमला सुवेदी |
| 7. | मा. श्री दुर्गा राई |
| 8. | मा. श्री भगबती चौधरी |
| 9. | मा. श्री ठाकुर प्रसाद गैरे |
| 10. | मा. श्री दामोदर पौडेल बैरागी |
| 11. | मा. श्री चन्द्र बहादुर विश्वकर्मा |
| 12. | मा. श्री विद्या भट्टराई, मा. श्री  ईश्वरी घर्ती, मा. श्री सरिता भुसाल, मा. श्री सरस्वती सुब्बा, मा. श्री दिपा शर्मा |
| 13. | मा. श्री सुमना श्रेष्ठ |
| 14. | मा. श्री अशोक कुमार चौधरी |
| 15. | मा. श्री सुनिल कुमार शर्मा |
| 16. | मा. श्री पदम गिरी |
| 17. | मा. श्री महेश कुमार वर्तौला |
| 18. | मा. श्री सोबिता गौतम |
| 19. | मा. श्री श्याम कुमार घिमिरे, मा. श्री सुशीला थिङ |

| | |
|---|---|
| 20. | मा. श्री प्रेम सुवाल |

**संशोधनको विवरण:**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | विधेयकको दफा | संशोधनको व्यहोरा |
|---|---|---|---|
| 1. | मा. श्री प्रेम सुवाल | | प्रस्तावनामा देहाय बमोजिम थप गर्नु पर्ने:<br>"बैङ्किङ कसूर नियन्त्रण गर्न निजी बैङ्क तथा वित्तीय संस्था राष्ट्रियकरण गर्न" |
| 2. | मा. डा. तोसिमा कार्की | २ | उपदफा (1) र (2) को खण्ड (च), (ञ) र (ठ) को सट्टा देहायको खण्ड (च), (ञ) र (ठ) राख्नु पर्ने:<br>"(च) "सहकारी संस्था वा संघ वा सहकारी बैंक" भन्नाले सहकारी ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थापित भई नेपाल राष्ट्र बैङ्कबाट बैंङ्किङ कारोबार गर्न स्वीकृति प्राप्त गरेका सहकारी संस्था वा संघ वा सहकारी बैंक सम्झनु पर्छ ।<br>(ञ) "परिवारको सदस्य" भन्नाले बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, प्रचलित कानून बमोजिम वित्तीय स्वार्थ रहेको मानिने शेयरधनी, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, मेनेजिङ्ग एजेण्ट वा सम्बद्ध व्यक्तिको सगोलमा रहेका पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र सौतेलो बाबु सम्झनु पर्छ र सो शब्दले आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाइ र दिदी, बहिनी समेतलाई जनाउँछ<br>(ठ) "धारक" भन्नाले आफ्नो नाममा काटिएको चेक प्राप्त गरी सो चेकमा उल्लेख भए बमोजिमको रक भुक्तानी पाउने हक भएको व्यक्ति वा संस्था सम्झनु पर्छ।" |
| 3. | मा. श्री चन्द्र बहादुर विश्वकर्मा | २ | (च) पछी अर्को खण्ड थप गरी धरौटी भनेको इमान्दारिता र संकल्पसहितको योजना वा सिप क्षमता वा पुर्ख्यौली पेशा व्यवसायिक वा चल अचल सम्पत्ति सम्झनु पर्दछ भनी परिभाषा थप गर्नु पर्ने । |
| 4. | मा. श्री अशोक कुमार चौधरी | २ | खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्नु पर्ने:<br>(च) "सहकारी संस्था" भन्नाले सहकारी ऐन ,२०७४ बमोजिम गठन भएको सँस्था, सङ्घ वा सहकारी बैङ्क सम्झनुपर्छ। |

| | | | |
|---|---|---|---|
| 5. | मा. श्री भगवती चौधरी | २ | - खण्ड (च) मा रहेको “सहकारी बैंक” भन्नाले सहकारी ऐन २०७४ को दफा १२ बमोजिम गठन भएको सहकारी बैंक” को ठाउँमा “नेपाल राष्ट्र बैंक अन्तरगत इजाजतप्राप्त बचत तथा ऋण सहकारी बैंक वा अन्य सहकारी बैंक” उल्लेख गरिनु पर्ने ।"<br>देहाय बमोजिम खण्ड (ट१) गर्नु पर्ने:<br>"(ट१) “विद्युतीय माध्यम भन्नाले” कुनैपनि क्रेडिट कार्ड, डेविट कार्ड, अटोमेटेड टेलर मेसिन (एटिएम) कार्ड, मोबाइल बैंकीङ, क्यूआर पेमेन्ट, पिओएस (प्वाइन्ट अफ सेल्फ मेसिन), नक्कली चेक, इ–सेवा, खल्ती, फोन पे वा अन्य विद्युतीय माध्यम सम्झनु पर्दछ।" |
| 6. | मा. श्री विद्या भट्टराई, मा. श्री इश्वरी घर्ती, मा. श्री सरिता भुसाल, मा. श्री सरस्वती सुब्बा, मा. श्री दिपा शर्मा | २ | खण्ड (ट) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>“चेककै रुपमा प्रयोग हुने डिजिटल बिनिमय माध्यमलाई पनि समावेश गर्नु पर्ने । जस्तै एटिएम, मोवाइल बैङ्किङ्ग, कनेक्ट आइपीएस (connect IPS), वालेट (wallet) आदि ।“ |
| 7. | मा. श्री दामोदर पौडेल बैरागी | २ | थप्न प्रस्तावित खण्ड (ट) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>को बैकपछि“ वित्तिय तथा सहकारी संस्था ”शब्द थपिएको छ सोही दफाको खण्ड (ट) पछी (ट१) थप गरिएको छ ।<br>(ट१) “विद्युतिय माध्यम ”भन्नाले कुनै पन क्रेडिट कार्ड ,डेविड कार्ड, अटोमेटेड टेलर मेसिन (ए टि एम) कार्ड ,मोबाइल बैंकिङ ,इसेवा वा अन्य विद्युतिय माध्यम सम्झनु पर्छ । |
| 8. | मा. श्री अशोक कुमार चौधरी | २ | खण्ड (ठ) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>(ठ) "धारक" भन्नाले आफ्नो नाममा काटिएको चेक प्राप्त गरी सो चेकमा उल्लेख भए बमोजिमको रकम भुक्तानी पाउने हक भएको व्यक्ति वा संस्था सम्झनु पर्छ। |
| 9. | मा. श्री दुर्गा राई | २ | खण्ड (ठ) लगायत ठाउँ-ठाउँमा रहेको “धारक” भन्ने शब्दको ठाउँमा “आधिकारिक” भन्ने शब्द राख्नु पर्ने । |
| 10. | मा.श्री सुमना श्रेष्ठ | २ | उपदफा(२) को खण्ड (ठ) पछि देहायको खण्ड (ड) थप्नु पर्ने:<br>“(ड) "कारोवार स्थापित गर्ने कागज" भन्नाले धारक र खातावालाबीचको आर्थिक सम्बन्ध स्थापित गर्ने र रकम दिएको प्रमाण खुलाउने कानून बमोजिम मान्यता पाएको कागज सम्झनु पर्नेछ। |

| | | | |
|---|---|---|---|
| 11. | मा. श्री विद्या भट्टराई, मा. श्री इश्वरी घर्ती, मा. श्री सरिता भुसाल, मा. श्री सरस्वती सुब्बा, मा. श्री दिपा शर्मा | ३ | उपदफा (१) मा "काल्पनिक वा" भन्ने शब्द हटाउन नहुने । |
| 12. | मा. श्री ठाकुर प्रसाद गैरे | ३ | <u>देहायको दफा ३ख. थप गर्नु पर्ने:</u><br>३ख. देहायका अन्य कुनै कारणले अनादर हुने गरी चेक जारि गर्न नहुने:<br>(1) कसैले पनि मिति वा हस्ताक्षर वा मसि फरक पारी वा अन्य तवरले चेक अनादर हुने गरि जारि गर्नु हुदैन ।<br>(2) उपदफा (१) बमोजिम चेक जारी भएकोमा बैंकले कारण खोली चेक जारी गर्न बैंकले कारण खोली चेक सच्याउन वा नयाँ जारी गर्न सम्वन्धित व्यक्तिलाई सुचना गर्न सक्नेछ ।<br>(3) उपदफा (२) बमोजिम चेक जारी गरेमा वा सच्याएमा धारकलाई चेकको रकम भुक्तानी गर्नेछ र चेक जारी गर्नेले नयाँ चेक जारी नगरेमा वा नसच्याएमा सोहि व्यहोरा उल्लेख गरि चेक अनादार भएको जानकारी बैंकले धारकलाई दिनु पर्नेछ ।<br>३ (ग) खाता वालाले भविष्यको मिति उल्लेख गरी सो मितिपछि मात्रै रकम लने गरि चेक जारी गर्नु पर्ने अवस्था भएमा चेकमा जारी दिनुपर्दछ । |
| 13. | मा. श्री दामोदर पौडेल बैरागी | ४ | <u>थप्न प्रस्तावित दफा (3क) को उपदफा (१) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने</u>:<br>"बैंक पछि" वित्तिय एंव सहकारी संस्थाको "भन्ने र सोहि दफाको उपदफा (2) को वित्तिय पछि" तथा सहकारी "शब्दहरु थपिएका छन् ।<br>सोहि दफा ३क.को उपदफा (6) को उल्लेखित रकम पछि" व्याज सहित "शब्दहरु थप गरिएको छ । |
| 14. | मा. श्री सुमना श्रेष्ठ | ४ | <u>थप्न प्रस्तावित दफा ३क को उपदफा (1) र (3) को सट्टा देहायको उपदफा (1) र (3) राख्नु पर्ने</u>:<br><br>(१) कसैले पनि कुनै वस्तु, सेवा तथा करारबाट उत्पन्न भएको दायित्व परिपालना गर्न भुक्तानी गर्ने क्रममा आफ्नो बैङ्क खातामा रकम मौज्दात नभएको वा मौज्दात भएपनि भुक्तानीको लागि पर्याप्त नभएको, लामो अवधिदेखि कारोबार नभई वा केवाईसी (KYC) अपडेट नभएको लगायतका कारणले खाता रोक्का वा बन्द भएको, खाता पहिल्यै कालो सूचिमा भएको, वा जानाजान खाता बन्द गरेको वा चेकमा जानाजान नमिल्दो हस्ताक्षर गरको कारणले धारकले पैसा लिन पाउनेछैनन् भन्ने जानीजानी झुक्याउने वा हानी नोक्सानी पुऱ्याउने नियत राखि कसैलाई चेक जारी गरी दिनु हुँदैन।<br><br>(3) उपदफा (2) बमोजिम फिर्ता हुन आएको चेक धारकले अनादर भएको प्रमाणित गराउन चाहेमा बैङ्कले तुरुन्तै |

| | | | |
|---|---|---|---|
| | | | बढीमा तीस दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई विद्युतीय माध्यम लगायतका जुनसुकै माध्यमबाट सूचना दिई सोको अभिलेख राख्नु पर्नेछ। बैङ्कले चेक धारकको सहजीकरणलाई प्राथमिकतामा राखेर बैंकले तय गरेको म्याद सकिएपछि आफै धारकलाई प्रक्रिया अगाडी बढाउन सहज गर्नुपर्ने। व्यावसायिक मुद्दाहरूमा चेक अनादरको द्रुत कार्यान्वयनलाई सहज बनाउन, सम्झौता, वित्तीय न्यायाधिकरण वा वाणिज्य बेञ्च (commercial bench) स्थापना गर्ने र व्यक्तिगत मुद्दाका लागि अनुसन्धान गर्ने निकायलाई निश्चित समय सीमा भित्र निष्पक्ष र छिटो निर्णय गर्न स्रोतहरू प्रदान गरी सशक्त बनाउनु पर्ने। |
| 15. | मा. डा. तोसिमा कार्की | ३ | <u>उपदफा (२) को अन्त्यमा देहायको उपदफा (३) थप्नु पर्ने</u>:<br>“(3) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ:<br>(७) उपदफा (६)बमोजिम खातावालाले धारकलाई भुक्तानी दिएपछि त्यस्तो भुक्तानीको जानकारी प्रमाणसहित खातावालाले सम्बन्धित बैकलाई दिनु पर्नेछ र खातावालाबाट जानकारी प्राप्त भएपछि बैंकले धारकसँग सम्पर्क गरी त्यस्तो भुक्तानीको पुष्टी गर्नु पर्नेछ। त्यसरी जानकारी प्राप्त भएपछि त्यस्तो भुक्तानीको अभिलेख राख्ने व्यवस्था सम्बन्धित बैंकले मिलाउनु पर्नेछ।“ |
| 16. | मा. श्री पदम गिरी | ४ | <u>थप्न प्रस्तावित दफा ३क. को,-</u><br>१) <u>उपदफा (१) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने</u>:<br>“कसैले नियतबस सहि गर्ने र गलत कम गर्न हुँदैन ।“<br>२) <u>उपदफा (६) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने</u>:<br>"रकम भुक्तानि सँगसँगै चेकको मिति र भुक्तानिको दिनसम्मको बार्षिक १० प्रतिशतका दरले ब्याज समेत पनि दिनु पर्नेछ "<br>३) <u>उपदफा (७) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने</u>:<br>“यस दफा बमोजिम चेक अनादर गरेको व्यहोरा प्रमाणित गर्ने कार्यविधि नेपाल राष्टंर बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।“ |
| 17. | मा. श्री विद्या भट्टराई, मा. श्री इश्वरी घर्ती, मा. श्री सरिता भुसाल, मा. श्री सरस्वती सुब्बा, मा. श्री दिपा | ४ | ३क. को शिर्षकमा रकम मौज्दात नभइ चेक जारी गर्न नहुने पछि मोवाइल बैङ्किङ्गमा हुने चोरिलाई नियमन गर्न भन्ने थप गर्ने ।<br>दफा १ पछि देहायको दफा २ थप गरी साविकको दफाक्रम मिलाउने: |

| | | | |
|---|---|---|---|
| | शर्मा | | "बैङ्क खातामा रकम मौज्दात भएको थाहा पाइ पिन कोड वा ओटिपी (one time password) पत्ता लगाई रकम झिकेमा भन्ने थप गर्ने ।"<br>कसैले गलत ढङ्गले पिन वा ओटिपी (one time password) पत्ता लगाई खातावालाको मौज्दात रकम निकालेमा खातावालाको मोवाइल नम्बरमा सम्बन्धित खातावाला हो वा होइन भन्ने पत्ता लगाउने अलर्ट म्यासेज आउने ब्यवस्था बैङ्कले गर्नुपर्ने ।<br>३क को उपदफा ६ मा रकम भुक्तानी सँगसँगै चेकको मिति र भुक्तानीको दिन सम्मको बार्षिक १० प्रतिशतका दरले ब्याज समेत पनि दिनु पर्नेछ ।<br>३क को ७ मा यस दफा बमोजिम चेक अनादर गरेको व्यहोरा प्रमाणित गर्ने कार्यविधि नेपाल राष्ट्र बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ भन्ने कायम गर्ने । |
| 18. | मा. श्री भगवती चौधरी | ४ | थप्न प्रस्तावित ३क. को उपदफा (5) र (7) अन्तर्गत देहाय बमोजिम गर्नु पर्ने:<br>- "(५) उपदफा ४ बमोजिमको रकम भुक्तानी माग्दा खातामा आवश्यक रकम मौज्दात नरहेको कारणबाट भुक्तानी दिन नसकिने भएमा बैंकले खातावाला आफ्नै सदस्य भएकाले चेक अनादर गरेको जानकारी दिँदै ५ दिनभित्र व्यहोरा प्रमाणित गरी चेक धारकलाई फिर्ता गरि दिनु पर्ने ।<br>- उपदफा (७) मा उल्लेख गरे अनुसार सँगै चेक अनादर गर्ने व्यक्ति, संस्था कुनै पुँजीपति, राजनीतिक प्रभाव पार्न सक्ने व्यक्ति भए चेक धारकले निष्पक्ष न्याय नपाउन सक्ने परिस्थिति बन्न सक्ने भएकाले कानुन स्वतन्त्र र निष्पक्ष हुनु पर्ने । |
| 19. | मा. श्री सोबिता गौतम | ४ | <u>थप्न प्रस्तावित दफा ३क. को</u>,<br>उपदफा (1) र (३) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने,-<br>(१) "कसैले पनि आफ्नो बैक खातामा रकम मौज्दात नभएको वा मौज्दात भएपनि भुक्तानीको लागि पर्याप्त रकम नभएको अवस्थामा मौज्दात रकमभन्दा माथि चेक जारी गरी दिन हुँदैन ।"<br>(३) उपदफा (२) बमोजिम फिर्ता हुन आएको चेक धारकले अनादर भएको प्रमाणित गराउन चाहेमा बैकले सम्पर्क हुन आएको मितिदेखि बढीमा तीस दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई जुन सुकै माध्यमबाट चेक अनादरको सूचना दिई सो सूचना सम्बन्धित खातावालाले प्राप्त गरेको अभिलेख राख्नु पर्नेछ ।<br>देहायको उपदफा (८) थप गर्नु पर्ने: |

| | | | |
|---|---|---|---|
| | | | "(8) बैंकले खातावालाको मृत्यु भएको सुचना पाए मृत्यु भएको मानिसको स्वआर्जित सम्पत्तिबाट फिर्ता गराउने ।" |
| 20. | मा. श्री ध्रुव बहादुर प्रधान | ४ | <u>थप्न प्रस्तावित दफा ३क. को उपदफा (७) मा देहाय बमोजिम संशोधन गर्नुपर्ने</u>:<br>"विधायिकी अधिकार संसदमा नै रहने गरी तत्सम्बन्धी कानूनी कार्यविधि समेत उल्लेख गरी कानूनी कार्यविधि समेत उल्लेख गरी यस उपदफामा उल्लेख गर्ने" |
| 21. | मा. श्री बिमला सुवेदी | ४ | थप्न प्रस्तावित दफा ३क.को उपदफा (३) मा रहेको “बैङ्कले बढीमा” भन्ने शब्दहरुको सट्टा “बैङ्कले धारकले बैङ्कमा चेक पेश गरेको मितिले” भन्ने शब्दहरु राख्नु पर्ने । |
| 22. | मा. श्री श्याम कुमार घिमिरे,<br>मा. श्री सुशीला थिङ | ४ | थप्न प्रस्तावित दफा ३क. को उपदफा (१) को अन्त्यमा “र” थप गरी डिजिटल भुक्तानीको बारेमा पर्याप्त विषयहरु समावेश गर्नु पर्ने ।<br>सोहि दफामा वैंकिङ कसुर अनुसार सार्वजनिक रुपमा वित्तिय कारोवार गर्ने सहकारी संस्था लगायतका सबै वित्तिय संस्थाहरुलाई समेट्नु पर्ने । |
| 23. | मा. श्री महेश कुमार वर्तौला | ४ | <u>दफा ४ मा थप्न प्रस्तावित (३क) पछि देहायको (३ख) र (३ग) थप गर्नु पर्ने</u>:<br>(३ख) देहायका कुनै कारणले अनादर हुने गरी चेक जारी गर्न नहुने:<br>१. कसैले पनि मिती वा हस्ताक्षर वा मसि फरक पारी वा अन्य तवरले चेक अनादर हुने गरि जारि गर्नु हुँदैन ।<br>२. उपदफा (१) बमोजिम चेक जारी भएकोमा बैंकले कारण खोली चेक सच्याउन वा नयाँ जारी गर्न सम्वन्धीत व्यक्तिलाई सुचना गर्न सक्नेछ ।<br>३. उपदफा (२) बमोजिम चेक जारी गरेमा वा सच्याएमा धारकलाई चेकको रकम भुक्तानी गर्नेछ र चेक जारी गर्नेले नयाँ चेक जारी नगरेमा वा नसच्याएमा सोहि व्यहोरा उल्लेख गरी चेक अनादार भएको जानकारी बैंकले धारकलाई दिनुपर्नेछ ।<br>(३ग) खातावालाले भविश्यको मिती उल्लेख गरी सो मितीपछि मात्रै रकम भुक्तानी लिने गरी चेक जारी गर्नु पर्ने अवस्था भएमा चेकमा नै जारी मिती र भुक्तानी पाउने मिती उल्लेख गरी त्यस्तो चेक धारकलाई दिनु पर्नेछ । |
| 24. | मा. श्री प्रेम सुवाल | ४ | <u>अन्त्यमा देहाय बमोजिम थप गर्नु पर्ने</u>:<br>“(8) स्रोत नखुलेको सम्पत्ति र विदेशमा राखिएको सम्पत्ति राष्ट्रियकरण गरिनेछ ।“ |
| 25. | मा. श्री सुशीला थिङ,<br>मा. श्री रमा कोइराला पौड्याल | ४ | थप्न प्रस्तावित दफा ३क. को उपदफा (1) मा “कसैले पनि आफ्नो बैंक खातामा रकम मौज्दात नभएको वा मौज्दात भएपनि भुक्तानीको लागि पर्याप्त छैन भन्ने जानी जानी कसैलाई चेक जारी गरिदिन वा बैंक सँग यस्तो चेकको भुक्तानी माग गर्नु हुँदैन भनिएकोमा” “कसैले पनि आफ्नो बैंक खातामा रकम मौज्दात नभएको वा मौज्दात भएपनि भुक्तानीको |

| | | | |
|---|---|---|---|
| | | | लागि पर्याप्त छैन भन्ने जानी जानी कसैलाई चेक जारी गरिदिन र डिजिटल कारोवारको लागि भुक्तानी माग गर्न हुँदैन" भनि उल्लेख गर्नुपर्ने . |
| 26. | मा. श्री दामोदर पौडेल बैरागी | ५ | दफा ५ अन्तर्गत मूल ऐनको दफा १२क. को उपदफा (१) (२) (३) "को ठाउँठाउँमा संस्था वा पछि "सहकारी संस्था वा" थप गरिएको छ ।" |
| 27. | मा. श्री विद्या भट्टराई, मा. श्री इश्वरी घर्ती, मा. श्री सरिता भुसाल, मा. श्री सरस्वती सुब्बा, मा. श्री दिपा शर्मा | ५ | सहकारी संस्था र संघमा देखा परेका समस्या समाधान गर्न सहकारी ऐन २०७४ लाई संसोधन गरी सहकारीको ७ नियम र सिद्धान्त पालना नगर्ने सहकारिलाई नियमन गरी कारवाहिको दायरामा ल्याउन जरुरी देखिएको छ । |
| 28. | मा. डा. तोसिमा कार्की | ५ | देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"मूल ऐनको दफा १२क.को ठाउँठाउँमा रहेका "सहकारी संस्था वा संघ" भन्ने शब्दहरुको सट्टा "सहकारी संस्था वा संघ वा सहकारी बैंक" भन्ने शब्दहरु राखिएका छन्।" |
| 29. | मा. श्री अशोक कुमार चौधरी | ५ | मूल ऐनको दफा १२क मा देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"मूल ऐनको दफा १२क. को ठाउँठाउँमा रहेको "सहकारी सँस्था वा सङ्घ" भन्ने शब्दहरुको सट्टा "सहकारी सँस्था" भन्ने शब्दहरु राखिएका छन्।" |
| 30. | मा.श्री सुमना श्रेष्ठ | ६ | उपदफा (६) पछि देहायको उपदफा (७) थप्ने र खण्डक्रम मिलाउनेः<br><br>(7) मूल ऐनको दफा १४ख. पछि देहायको १४ग. र १४घ. थप्नु पर्ने:<br>"१४ग **खातावालालाई वित्तीय साक्षरता**: बैङ्कले जान-अनजानमा हुने बैङ्किङ कसूर रोक्नका लागि हरेक खातावालालाई वित्तीय साक्षरता सम्बन्धी सरल, सहज र पहुंचयोग्य भाषामा चेक अनादर, बैङ्किङ कसूर, खातावालाले अपनाउनु पर्ने सतर्कता, व्यक्तिगत ऋण, वित्तीय बजेट र अन्य दैनिक व्यवहारिक वित्तीय साक्षरतासँग सम्बन्धित कानूनहरू बारे विस्तृत जानकारी दिलाउन अनिवार्य हुनेछ।<br>१४घ. **मिटरब्याज सम्बन्धी कानून लागू हुनेः** माथी जे सुकै लेखिएको भए तापनि, मिटरब्याज सम्बन्धी कानून अन्तर्गत मिटरब्याज असुलीका लागि चेकमा लिएको भन्दा ठूलो रकम, मिटरब्याज साहितको रकम वा लिदै नलिएको रकम राखी |

| | | | |
|---|---|---|---|
| | | | चेक काट्न लगाएका जस्तै घटनाहरूमा छुट्टै मिटर ब्याज अन्तर्गतको कानून मार्फत अनुसन्धान गर्नु पर्नेछ। " |
| 31. | मा. श्री रोशन कार्की | ६ | मूल ऐनको दफा १४ख. मा संशोधनका लागि प्रस्तावित व्यवस्थामा देहायको व्यवस्था गर्नु पर्ने:<br>- सहकारी बैंकले राष्ट्र बैंकबाट स्वीकृत प्राप्त नगरी बैकिंग कारोबार गरे के कारबाही हुने स्पष्ट हुनु पर्ने,<br>- राष्ट्र बैंकबाट स्वीकृत प्राप्त नगरी बैकिंग कारोबार गरेमा त्यस्तो सहकारी बैंकको लाइसेन्स रद्द गर्नु पर्ने । |
| 32. | मा. श्री सोबिता गौतम | ७ | थप्न प्रस्तावित उपदफा (१क) मा रहेको विगो बमोजिमको रकम भराई भन्ने शब्दहरुको सट्टा “चेक बमोजिमको रकम” भन्नु पर्ने।<br>खण्ड (घ) मा रहेको पचास लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि दुई वर्षसम्म कैद को सट्टा व्याज भराउने व्यवस्था उल्लेख गर्न पर्ने । |
| 33. | मा. श्री ज्ञान बहादुर शाही | ७ | उपदफा (1) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"चेक अनादार भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई विगो बमोजिम रकम भराई चेक जारी गरिदिने खातावालालाई विगोको पचास (५०%) प्रतिशत जरिवाना तिराउनु पर्ने । " |
| 34. | मा. श्री रोशन कार्की | ७ | १) उपदफा (1) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"चेक अनादार भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई विगो बमोजिम रकम भराई चेक जारी गरिदिने खातावालालाई विगोको पचास (५०%) प्रतिशत जरिवाना तिराउनु पर्ने ।"<br>२) यस दफा अन्तर्गत देहाय बमोजिम गर्नु पर्ने:-<br>- “थपिएकोमा कैद सजाय हटाउनु पर्ने,<br>- व्यवसायीले घरायसी कामको लागि सापटि लिदा तमसुक सँगै चेकमा ब्याज सहितको रकम जोडि चेक लिने/दिने प्रचलन भएकोले यसलाई रोक्ने नीति बनाउनु पर्ने व्यवस्था थप गर्नु पर्ने”<br>३) देहायको व्यवस्था गर्नु पर्ने:<br>- आजको डिजिटल युगको जमानामा इ-बैंकिङगबाट हुने अवैध कारोबारलाई पनि बैंकिङ्ग कसूरको सजाय हुनु पर्ने,<br>- बैंकिङ्ग सिस्टम हैक गरी अरुको खाता वा बैंकको पैसा आफ्नो खातामा ल्याउनेलाई पनि हदैसम्मको कारबाही हुनु पर्ने,<br>- सहकारी/लघुवित्त वा बैंकिङ्ग कारोबार हुने जुनसुकै कारोबार हुने निकायलाई यस कसूरमा समेटिनु पर्ने ।“ |

| | | | |
|---|---|---|---|
| 35. | मा. श्री ध्रुव बहादुर प्रधान | ७ | थप्न प्रस्तावित उपदफा (1क) को खण्ड (क) (ख) (ग) (घ) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"बैकको चेक र ग्राहकको जिम्मेवारी ग्राहक र धारको व्यवहारमा प्रयोग गरिने चेकको कारण कैदको सजाय गर्नु ,सदा सर्वदा नागरिकको स्वतन्त्रताविरुद्ध गरिएको ठहर्ने हुँदा चेक अनादरलाई कपाली लिखतको प्रमाण बनाई पिडकको क्षतिपूर्ति गरी १० प्रतिशत व्याज दिनु पर्ने उल्लेख हुनु पर्ने" । |
| 36. | मा. श्री विद्या भट्टराई, मा. श्री इश्वरी घर्ती, मा. श्री सरिता भुसाल, मा. श्री सरस्वती सुब्बा, मा. श्री दिपा शर्मा | ७ | - थप्न प्रस्तावित उपदफा (1क) मा बिगो को ५ प्रतिशत को सट्टा १० प्रतिशतको दरले ब्याज दिनु पर्ने ।<br>- खण्ड (क) (ख) (ग) (घ) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>खण्ड (क) मा पाँच लाख रुपैयाँसम्म बिगो भए एक महिनासम्म कैद भनेकोमा तीन महिना कैद भन्ने कायम गर्ने ।<br>खण्ड (ख) मा पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म बिगो भए एक महिनासम्म कैद भनेकोमा छ महिना कैद भन्ने कायम गर्ने ।<br>खण्ड (ग) मा दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए छ महिनासम्म कैद भनेकोमा एक बर्ष कैद भन्ने कायम गर्ने ।<br>खण्ड (घ) मा पचास लाख रुपैयाँभन्दा बढी जति सुकै बिगो भएपनी दुइ बर्ष सम्म कैद भनेकोमा पाँच बर्ष कैद भन्ने कायम गर्ने । |
| 37. | मा. श्री सुशीला थिङ, मा. श्री रमा कोइराला पौड्याल | ७ | उपदफा (1) मा रहेको "१(क) दफा ३(क) को उपदफा (5) बमोजिम चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरीदिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम भराई चेक जारी गरीदिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिवाना र देहाय बमोजिम कैद सजाय हुनेछः÷" भन्ने बाक्यको सट्टा १(क) दफा ३(क) को उपदफा (5) बमोजिम चेक अनादर भएको प्रमाणित भएमा चेक जारी दिने खातावालाबाट धारकलाई विगो बमोजिमको रकम दश प्रतिशत व्याजसमेत जोडी थैली भराई दिलाई दिनु पर्ने र चेक जारी गरिदिने खातावालालाई पाँच प्रतिशतसम्म जरीवाना सहित देहाय बमोजिम कैद हुनेछ" भन्ने वाक्य राख्नु पर्ने । |
| 38. | मा. श्री बिमला सुवेदी | ७ | उपदफा (१) मा रहेको "खाताबालाबाट धारकलाई बिगो बमोजिमको रकम" भन्ने शब्दहरुपछि "को साँवा र सोको प्रचलित कानून बमोजिमको व्याज" भन्ने शब्दहरु थप्नु पर्ने । |
| 39. | मा. दुर्गा राई | ७ | थप्न प्रस्तावित उपदफा (१क) मा रहेको "विगोको पाँच प्रतिशत जरिवाना भन्नेमा" विगोको १५ प्रतिशत जरिवाना" भन्ने शब्दहरु राख्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| 40. | मा. श्री पदम गिरी | ७ | थप्न प्रस्तावित उपदफा (१क) अन्तर्गत देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"विगोको ५ प्रतिशतको सट्टा १० प्रतिशतको दरले ब्याज दिनु पर्ने ।" |
| 41. | मा. श्री ठाकुर प्रसाद गैरे | ७ | दफा ७ को (१क) मा रहेको "दफा ३(क) को उपदफा (५)" भन्ने शव्द पछि "दफा ३(ख) को उपदफा (३)" थप गर्ने र सोही दफामा रहेको "धारकलाई विगो बमोजिमको रकम" भन्ने शव्द पछी "सो रकममा "पन्ध्र प्रतिशतले व्याज" भन्ने शव्द राख्ने,<br>(१क) पछि (१ख) थप गरी दफा (३ख) को कसुर गर्ने व्यक्तिलाई ३ महिनासम्म कैद गरी विगो तथा १५ प्रतिशत व्याज भराउने आदेश दिनेछ । |
| 42. | मा.श्री सुमना श्रेष्ठ | ७ | उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राख्नु पर्ने:<br>(१क) दफा ३क.को उपदफा (५) बमोजिम चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरी दिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम ब्याज सहित भराई, चेक जारी गरिदिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिवाना, कैद वा दुबै सजाय हुनेछ। यस उपदफा बमोजिम कैदको सजाय निम्न अनुसार हुनेछ:<br>(क) २० लाख देखि ३० लाख रुपैयासम्म बिगो भए तीन महिनासम्म कैद,<br>(ख) ३० लाख देखि ५० लाख रुपैयासम्म बिगो भए छ महिनासम्म कैद,<br>(ग) ५० लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि एक वर्ष सम्म कैद।<br>उपदफा (२) पछि देहायको उपदफा (३) थप्नु पर्ने:<br>"(३) मूल ऐनको उपदफा १५(3) पछि देहायको उपदफा (३क) थप गरिएको छः<br>(३क) ऋणीको चल/अचल सम्पत्तिलाई पनि वाणिज्य बेन्च) commercial bench) मार्फत बिगो भराउन र बिगो बमोजिमको जरिवाना कायम गर्नका लागि प्रयोग गर्न सकिनेछ। प्रहरीलाई ऋण सङ्कलनमा प्रयोग गर्नु हुँदैन।" |
| 43. | मा. श्री महेश कुमार वर्तौला | ७ | थप्न प्रस्तावित उपदफा (१क) मा रहेको "दफा ३क. को उपदफा (५)" भन्ने शव्दपछि "दफा ३ख. को उपदफा (३)" भन्ने शव्द थप गर्ने र सोहि दफामा रहेको "धारकलाई विगो बमोजिमको रकम" भन्ने शव्दपछि सो रकममा पन्ध्र प्रतिशतले व्याज भन्ने शव्द थप्ने ।<br>दफा १क. पछि १ख. थप गरी "दफा ३ख. को कसुर गर्ने व्यक्तिलाई ३ महिनासम्म कैद गरी विगो तथा १५ प्रतिशत व्याज भराउन सक्नेछ ।" भन्ने बाक्य राख्नु पर्ने । |
| 44. | मा. श्री दामोदर पौडेल बैरागी | ७ | अनधिकृत रुपमा जानी-जानी कर्जा लिन वा दिन नहुने: कसैले पनि बैङ्ढ वा वित्तीय संस्थाबाट कर्जा लिंदा वा दिंदा जानी-जानी देहायको कार्य गर्नु हुँदैन । |

| | | | |
|---|---|---|---|
| | | | <u>मूल ऐनको दफा १५ को उपदफा (५) अन्तर्गत देहाय बमोजिम संशोधन गर्नु पर्ने</u>:<br>"कुनै संस्थाले यस ऐन अन्तर्गतको कसूर गरेकोमा त्यस्तो कसूर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान भएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई र पहिचान हुन नसकेकोमा कसूर गरेका बखत त्यस्तो संस्थाको कार्यालय प्रमुखको हैसियतमा काम गर्ने व्यक्ति जिम्मेवार हुनेछ ।"<br><u>मूल ऐनको दफा १५ को उपदफा (७) अन्तर्गत देहाय बमोजिम संशोधन गर्नु पर्ने:</u><br>"बैकिङ्ग कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न अप्रत्यक्ष रुपमा संलग्न रहेको वा मद्दत पुऱ्याउने संस्था रहेछ भने संलग्न पदाधिकारी वा कर्मचारी वा त्यस्तो संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम सजाय हुनेछ ।"<br>उपदफा १(क) को चेकपछि" विद्युतिय कारोवार "शब्दहरु थप गरि मिलाइएको छ । सोहिको धारकलाइ पछि" व्याज सहित "शब्दहरु थप गरिएको छ । सोहिको विगोको पछि" पाँच "भन्ने शब्द हटाइ" दश "शब्द थप गरिएको छ । खण्ड (ग) को विगो भएपछि" छ महिनासम्म "भन्ने शब्दहरु हटाइ" कम्तिमा छ महिनादेखि एक वर्षसम्म "भन्ने शब्दहरु राखिएको छ । खण्ड (घ) विगो भए पछि" दुई वर्षसम्म "भन्ने शब्दहरु हटाइ" कम्तिमा एक वर्षदेखि तिन वर्षसम्म "भन्ने शब्दहरु थप गर्ने" |
| 45. | मा. श्री भगवती चौधरी | ७ | - मूल ऐनको दफा १५ अन्तर्गत थप्न प्रस्तावित उपदफा (1क) अन्तर्गत उपदफा अन्तर्गत "उपदफा (५) बमोजिम खातावालालाई विगोको पाँच प्रतिशत जरिवानापछि पाँच लाख रुपैंया बिगो भए एक महिना कैदको स्थानमा छ महिनासम्म कैद सजाय हुनु पर्ने ।<br>- खण्ड (ख) मा "पाँच लाखभन्दा बढी १० लाखसम्म बिगो भए तीन महिनासम्मको स्थानमा ६ महिनासम्म कैद सजाय" हुनु पर्ने ।<br>- खण्ड (ग) मा "दश लाख रुपैंयाभन्दा बढी पचास लाखसम्म बिगो भए छ महिनासम्मको स्थानमा एक वर्ष कैद" सजाय हुनुपर्ने ।<br>- खण्ड (घ) मा "पचास लाख रुपैंयाभन्दा बढी जतिसुकै बिगो भएपनि २ वर्षसम्म कैदको स्थानमा पाँच वर्ष कैद सजाय" हुनु पर्ने ।<br>- दफा (१५) (५) को उपदफा (१क) को चेक अनादर भएमा वा विद्युतीय माध्यमबाट भुक्तानी जस्तैः क्रेडिट कार्ड, डेविट कार्ड, अटोमेटेड टेलर मेसिन (एटिएम) कार्ड, मोबाइल बैंकीङ, क्यूआर पेमेन्ट, पिओएस, नक्कली चेक, इ–सेवा, खल्ती, फोन पे वा अन्य विद्युतीय विनिमेय गर्ने प्रविधिमा कसूर देखिएको समेत यसै ऐन अनुसार समाविष्ठ गरिनु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | | सोहीको विगोको जरिवाना 'पाँच' बमोजिम 'दश' भन्ने शब्द राख्नु पर्ने । |
| 46. | मा. श्री भगवती चौधरी | ८ | मूल ऐनको दफा १७ अन्तर्गत थप्न प्रस्तावित उपदफा (1क) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि दफा ३क. बमोजिम कसूरमा चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन महिनाभित्र जाहेरी दिन सकिने र जाहेरी परेको २ महिनाभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गरि सक्नु पर्ने हुनु पर्ने ।" |
| 47. | मा. श्री ठाकुर प्रसाद गैरे | ८ | उपदफा (१क.) को सट्टा देहायको उपदफा (1क.) राख्नु पर्ने:<br>(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिमको कसुरमा चेक वा विद्युतिय कारोवार अनादर गरेको प्रमाणित भएको मितिले ३ महिनाभित्र जाहेरी वा सम्वन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्न सक्नेछन् । |
| 48. | मा. श्री विद्या भट्टराई, मा. श्री इश्वरी घर्ती, मा. श्री सरिता भुसाल, मा. श्री सरस्वती सुब्बा, मा. श्री दिपा शर्मा | ८ | १ (क) चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन महिनाभित्र जाहेरी दिन सकिनेछ भनेकामा एक वर्ष सम्म भन्ने कायम गर्ने र जाहेरी परेको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायार गरि सक्नु पर्नेछ भनेकामा एक बर्षभित्र मुद्दा दायार गरिसक्नुपर्नेछ भन्ने कायम गर्ने । |
| 49. | मा. दुर्गा राई | ८ | थप्न प्रस्तावित उपदफा (१क) मा रहेको "तीन महिना भित्र जाहेरी दिन सकिनेछ" भनेको ठाउमा जाहेरी दिन समयसिमा नतोक्ने । |
| 50. | मा. श्री पदम गिरी | ८ | थप्न प्रस्तावित उपदफा (१क) अन्तर्गत देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"चेक अनादर गरेको प्रमाणित भएको मितिले तिन महिनाभित्र जाहेरी दिन सकिनेछ भनेकोमा १ वर्षसम्म भन्ने कायम गर्ने र जाहेरी परेको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गरी सक्नु पर्नेछ भनेकोमा १ वर्षभित्र मुद्दा दायार गरिसक्नुपर्नेछ भन्ने कायम गर्ने ।" |
| 51. | मा. श्री दामोदर पौडेल बैरागी | ८ | उपदफा (१) अन्तर्गत देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन महिनाभित्र जाहेरी दिन सकिनेछ भनेकोमा १ वर्षसम्म भन्ने कायम गर्ने र जाहेरी परेको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायार गरी सक्नु पर्नेछ भनेकोमा १ बर्षभित्र मुद्दा दायार गरी सक्नु पर्नेछ भन्ने कायम गर्ने ।"<br>मूल ऐनको दफा १७ को उपदफा (२) हटाउने । |
| 52. | मा. श्री सोबिता गौतम | ८ | देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"(१क) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिम कसूरमा चेक अनादर गरेको |

| | | | |
|---|---|---|---|
| | | | प्रमाणित भएको मितिले १ बर्षभित्र जाहेरी दिन सकिनेछ र त्यसरी जाहेरी परेको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गरि सक्नु पर्नेछ ।"<br><u>देहाय बमोजिम थप गर्नु पर्ने</u>:<br>“सहकारी मर्मभन्दा बाहिर गई सहकारी सञ्चालन गरी सर्वसाधारणलाई अहित गर्ने सहकारी संस्था र सोका सञ्चालक वा प्रमुख व्यक्तिले सहकारीको सिलसिलामा काटेका दश लाख रकमभन्दा बढीका चेक भुक्तानी नहुदा यस ऐन बमोजिम कारबाही वा मिलापत्र गर्न सकिने ।“ |
| 53. | मा.श्री सुमना श्रेष्ठ | ८ | <u>दफा ८ मा उपदफा (2) थप गर्ने र मुल ऐनसँग दफाक्रम मिलाउने</u>:<br>(2) चेक अनादरको कसुरमा मुद्दा दायर गर्दा देहाय बमोजिमका कागजातहरु साथमा पेश गर्नु पर्ने:-<br>(क) कारोवार स्थापित गर्ने कागज<br>(ख) आम्दानीको श्रोत खुलाउने कागज<br>(ग) अन्य आवश्यक कागजात तोकिएअ बमोजिम हुनेछ<br><u>उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राख्न पर्ने</u>:<br>"(१क) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि दफा ३क बमोजिमको कसूरमा चेक अनादर गरेको प्रमाणित भएको मितिले १ वर्षभित्र जाहेरी दिन सकिनेछ र त्यसरी जाहेरी परेको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ।"<br><u>उपदफा (१क) पछि देहायको उपदफा (१ख) राख्न पर्ने</u>:<br>"(१ख) उपदफा (१क) बमोजिम मुद्दा दायर गर्दा प्रतिवादी रहेको जिल्ला वा चेक अनादर भएको जिल्लाको जिल्ला अदालतमा गर्न सकिनेछ।" |
| 54. | मा. श्री सुनिल कुमार शर्मा | ८ | <u>मूल ऐनको दफा १७ अन्तर्गत देहाय बमोजिम संशोधन गर्नु पर्ने</u>:<br>उपदफा (१क) मा जुन सुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिमको कसूरमा बैकबाट चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन महिनाभित्र धारकले चेकको प्रतिफलको प्रमाण संलग्न गरी जाहेरी दिन सक्नेछ र त्यसरी जाहेरी परेको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिसक्नु पर्नेछ ।<br>**<u>दफा १७, उपदफा १७क. सम्बन्धमा</u>**: यदि बिना प्रतिफलको चेकलाई मान्यता दिने हो भने गैरकानूनी कारोबार (उदाहरणका लागि मिटरव्याजी कारोबार) को चेकले पनि मान्यता पाउने जोखिम रहन्छ । यसलाई बिनिमय अधिकारपत्र ऐन, २०३४ को दफा २६ को कानूनी प्रावधान अनुरुप व्यवस्था गर्नु उपयुक्त हुने । |

| | | | |
|---|---|---|---|
| 55. | मा. श्री दामोदर पौडेल बैरागी | ९ | <u>दफा ९ अन्तर्गत थप्न प्रस्तावित दफा २६क. को उपदफा (१) मा देहाय बमोजिम संशोधन गर्नु पर्ने</u>:<br>"बमोजिम चेक पछि" विद्युतिय कारोकार "शब्द र सोहिको प्रतिवादिले चेक पछि" विद्युतिय कारोकार "शब्दहरु थप गरिएको छ । सोहिको बमोजिमको पछि" व्याज सहितको "शब्दहरु थप गरिएको छ ।" |
| 56. | मा. श्री विद्या भट्टराई, मा. श्री इश्वरी घर्ती, मा. श्री सरिता भुसाल, मा. श्री सरस्वती सुब्बा, मा. श्री दिपा शर्मा | ९ | <u>२६क. मा नयाँ उपदफाक्रम थप गरी खण्डक्रम मिलाउने</u>:<br>उपदफा (१) मा जेसुकै कुरा लेखिएको भए तापनी दफा ७ को उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम हुने कैद सजाय पाउने प्रतिवादीको हकमा मिलापत्र गर्न सकिने छैन । |
| 57. | मा.श्री सुमना श्रेष्ठ | ९ | <u>दफा २६क.को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने</u>:<br>(४) उपदफा (१) बमोजिम मिलापत्रको लागि निवेदन परेमा सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम मिलापत्र गराई दिनु पर्नेछ, त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई यस ऐन बमोजिम अथवा कुनै अन्य प्रचलित कानुन अनुसार सजाय हुने छैन।<br>दफा २६क. को उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्ने र क्रम मिलाउने:<br>(४) उपदफा (३) बमोजिम मिलापत्र भएपछि धारकसँग भएको मिलापत्रमा तोकिएको मितिभित्र खातावालाले भुक्तान गर्नु पर्ने पूर्ण रकम भुक्तान गरि सो भौचर अदालतमा दाखिला गर्नु पर्नेछ। |
| 58. | मा. श्री महेश कुमार वर्तौला | १० | <u>दफा ९ पछि देहायको दफा १० थप गरी क्रम संख्या मिलाउने</u>:<br>१०. निक्षेप कर्ताको निक्षेप असुरक्षित हुने गरी वित्तिय तथा बैंकिङ्ग प्रणालीलाई नै खलबलाउने दुषित मनसाय राखी गलत तरिकाले विभिन्न माध्ययमबाट झुट्ठा प्रचारप्रसार गर्ने, कर्जा फिर्ता नगर्न संगठित वा असंगठित तरिकाले अभियान सञ्चालन गर्ने र गलत सुचना वा अफवाह फैल्याउनेलाई यस ऐन वमोजिम सजाय गरिनेछ । |
| 59. | मा. श्री बिमला सुवेदी | १० | <u>देहायको उपदफा (3) थप्नु पर्ने</u>:<br>"(3) यस ऐनको दफा ३क. बमोजिम चलेको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को अनुसूची ४ मा समावेश भएको मानिनेछ ।" |
| 60. | मा. सोबिता गौतम | १० | "विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. खारेज गर्न नहुने ।"<br><u>उपदफा (२) अन्तर्गत देहाय बमोजिम संशोधन गर्नु पर्ने</u>: |

| | | | |
|---|---|---|---|
| | | | "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ क. बमोजिमको सजायको मागदाबी लिई दायर भएका मुद्दा सोही बमोजिम कारबाही र किनारा गर्न बाधा पर्ने छैन ।" |
| 61. | मा. श्री विद्या भट्टराई, मा. श्री इश्वरी घर्ती, मा. श्री सरिता भुसाल, मा. श्री सरस्वती सुब्बा, मा. श्री दिपा शर्मा | ११ | दफा ११ थप गर्ने:<br>११. बैङ्किङ्ग सुशासन र बितिय अनुशासन कायम गर्न आम नागरिकलाई सुसुचित गर्नका लागि हरेक बैङ्कलाई बितिय साक्षरता कार्यविधि तयार गर्नका लागि नेपाल राष्ट्र बैङ्कले निर्देशन दिन सक्नेछ भन्ने उल्लेख गर्ने । |
| 62. | मा. श्री दामोदर पौडेल बैरागी | १७ | उपदफा (1) लाई हटाई यस प्रकार (१क) थप गरिएको छ:<br>उपदफा १क. उपदफा (1) मा जुन सुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिमको कसुरमा चेक वा विद्युतिय कारोबार अनादर गरेको प्रमाणित भएको मितिले तिन महिना भित्र जाहेरी वा सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्न सक्नेछन । |
| 63. | मा. श्री सुनिल कुमार शर्मा | - | मूल ऐनको दफा ७ को खण्ड (ङ) अन्तर्गत देहाय बमोजिम संशोधन गर्नु पर्ने:<br>"कुनै एक बैंक वा वित्तिय संस्थालाई एकपटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा फुकुवा हुने मनासिव माफिकको अवस्था नभई सोही सुरक्षण अर्को बैंक वा वित्तिय संस्थामा राखी पुन: कर्जा लिन वा दिन,<br>तर सुरक्षणको मूल्यले खामेको हदसम्म सहवित्तियकरण सम्बन्धी प्रचलित कानून बमोजिम दोश्रो हक कायम (परिपासु) हुने गरी कर्जा दिन वा लिन यो बन्देज लागू हुने छैन ।"<br>मूल ऐनको दफा १९ मा थप गर्नु पर्ने:<br>(5) उपदफा (४) बमोजिम थुनामा राख्ने अनुमति प्रदान गर्नु अगाडि आरोपित व्यक्तिलाई थुनामा राख्नु पर्ने वा नपर्ने सम्बन्धमा सुनुवाईको मौका प्रदान गरिनेछ ।<br>(6) अनुसन्धान अधिकारीले अनुसन्धान गर्दा थुनामा राख्ने सम्भावना भएको तर आफू थुनामा बस्नु पर्ने अवस्थाको व्यक्ति नभएको भनी सम्बन्धित व्यक्तिले वा निजको तर्फबाट निजको एकाघर परिवारको सदस्यले वा निजको कानुन व्यवसायीले थुनामा नराखी मुद्दाको अनुसन्धान तहकिकात गराई पाउँ भनी मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ । |

बुदाँ १ देखि ६३ सम्म छलफलका लागि स्वीकृत ।

........................

(देवराज घिमिरे)

सभामुख